फोन नं. ०९१-५८०१०१
फ्याक्स नं. ०९१-५८०२०१

# भजनी त्रिशक्ती नगरपालिका कार्यालय

भजनी, कैलाली

## मौजुदा सुची दर्ता गराउने बारेको सूचना

(सूचना प्रकाशित मिति :२०७३/०४/२३)

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम भजनी त्रिशक्ती नगरपालिका कार्यालयलाई आ.व. २०७३/०७४ को लागि आवश्यक पर्न सक्ने तपसिल बमोजिमका सामानहरु निर्माण कार्यहरु, परामर्श सेवाहरु र अन्य सेवाहरुको खरिद सम्बन्धि कार्यका लागि मौजुदा सुची (Standing List) तयार गर्नु पर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीले म्याद कायमै रहेको वा नविकरण सहितको आफ्नो फर्म दर्ता, आयकर एवं मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलिपि र आ.व. २०७१/०७२ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अयोग्य नभएको र कालो सुचीमा नपरेको भनि आधिकारीक रुपले लिखित स्वयं घोषणा पत्र सहित रु. १०।०० को टिकट टाँसी यो सूचना प्रकाशित भएको मितिले (१५ पन्ध्र) दिन भित्र निवेदन यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदन दर्ता गराउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र दर्ता गराउन सकिनेछ । रीत नपुगी र म्याद नाघि आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्त सुचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

तपसिल

१. स्टेशनरी, मसलन्द तथा कार्यालय सामानहरु ।
२. पत्रपत्रिका नियमित आपुर्ति तथ सूचना प्रकाशित ।
३. इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स (कम्प्युटर, फोटोकपी, फ्याक्स, एयरकन्डिसन, सोलार, इन्भर्टर, प्रिन्टर, यु.पि.एस., टोनर, क्यामेरा, सर्भे उपकरण आदी ) आपुर्ति, जडान तथा मर्मत कार्य ।
४. फर्निचर तथा फर्निसिङ्ग सामानहरु आपुर्ति जडान तथा मर्मत कार्य ।
५. छपाई सम्बन्धी ।
६. सवारी साधन (मोटर साइकल, ट्रयाक्टर, टिप्पर, दमकल आदी) तथा तिनका पाटपुर्जा आपुर्ति तथा मर्मत कार्य ।
७. सार्वजनिक निर्माण, आपुर्ति, ढुवानी तथा मर्मत सम्भार कार्य ।
८.परामर्श सेवा (कम्प्युटर, प्राविधिक, इन्जिनियरिङ्ग, व्यवस्थापन, प्रशासन, वातवरण तथा आर्थिक विषय सम्बन्धी तालिम, सफ्टवेयर, सर्वे, ड्रोइङ्ग, डिजाइनिङ्ग आदी सम्बन्धी परामर्श सेवा, ।
९. विभिन्न साईजका ह्युम पाइप तथा विद्युत पोलहरु ।
१०. अन्य सेवाहरु ( पत्रिकामा सूचना प्रकाशन, विभिन्न सफ्टवेयर र वेबसाइटहरु निर्माण, कुरियर सेवा आदी ।
११. अन्तिम लेखापरीक्षण गर्ने कार्य ।
१२. ईन्धन तथा अन्य ईन्धन (डिजेल, पेट्रोल, मट्टितेल आदी ।)

धर्मानन्द भट्ट
कार्यकारी अधिकृत

धर्मानन्द भट्ट
कार्यकारी अधिकृत

OK